# पिपरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,पिपरा, महोत्तरी

**बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुनःएकिकरण (रेमी) परियोजना**

बार्षिक प्रगति प्रतिवेदन


आ.व. २०८०/०८१


## १. पृष्ठभूमिः

पिपरा गाउँपालिकाको स्थापना २०७३ सालमा भएको र यस पालिकामा जम्मा वडा ७ र क्षेत्रफल ३९.९८(वर्ग कि.मी.) रहेको छ। २०७८ को जनगणना अनुसार पिपरा गाउँपालिकामा जम्मा ४०,५३५ जनसंख्या तथा ८३०२ घरपरिवारहरु बसिरहेका छन्, जस मध्ये २०,२९३ पुरुष २०,२४२ महिला रहेका छन्। यहाँ अधिकांश व्यक्तिहरु बैदेशिक रोजगारीमा गएका छन्| मानिसहरु वैदेशिक रोजगारीमा जानुपर्ने प्रमुख कारणहरु गरिबी र बेरोजगारी रहेको छ। धेरै जसो मानिसहरु वैदेशिक रोजगारी बाट बिदामा, म्याद सकेर वा फिनिसिंग भएर आउदा उनीहरुले वैदेशिक रोजगारीको क्रममा सिकेका ज्ञान र सिप प्रयोग गरि आफ्नै देश वा ठाउँमा उत्पादनमुलक कार्य गर्न चाहन्छन,तर उनीहरु विभिन्न आर्थिक वा सामाजिक कारणले गर्दा पुन:एकीकरण हुन गाह्रो हुने गरेका गरेका छन्|

मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुरयाउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्धेश्यले संघ, प्रदेश र स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रमको सञ्चालन गर्न नेपाल सरकारले व्यवस्था गरे बमोजिम रोजगार सेवा केन्द्रको स्थापना भएको छ। यो केन्द्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई अन्तर्गत रहेको छ। रोजगार सेवा केन्द्र भन्नाले बेरोजगार व्यक्तिको सूचना संकलन, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्न ऐन बमोजिम स्थापना भएको रोजगार सेवा केन्द्र हो। यस केन्द्रको प्रमुख रोजगार संयोजक हुन्छ। यस कार्यक्रममा लाभग्राही परिचयपत्र बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउनु पूर्व प्रदान गर्ने गर्दछ। सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच रहेको छ। आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवद्र्धन गर्नु यो कार्यक्रमको लक्ष्य रहेको छ। यस कार्यक्रमको मुख्य काम देहाय अनुसार रहेका छन।

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्नु ।
(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवद्र्धन र विस्तार गर्नु ।
(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्नु
(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्नु ।
(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्नु ।




## २. संचालित कार्यक्रमको संक्षिप्त बिवरण

### (१) सामाजिक अभिमुखिकरण

सामाजिक अभिमुखिकरण कार्यक्रम यस गाउँपालिकाको वडा नम्बर १ र ४ मा गरि जम्मा ७ वटा कृयाकलाप समपन्न गरियो । यस कृयाकलापमा जम्मा ४५० जना सहभागिहरु सहभागि भएको थियो जसमा १४१ जना माहिला र ३०७ पुरुष रहेको थियो । प्रायः हरेक कृयाकलापमा समबन्धित वडाका जनप्रतिनिधि जयूको उपस्थिति रहेको थियो । यस कार्यक्रमको उदेश्य स्थानीय तह, वैदेशिक रोजगारी बाट फर्किएका व्यक्ति, आप्रवासी कामदार र उनीहरुका परिवार बीच सम्बन्ध स्थापित तथा वैदेशिक रोजगारी बाट फर्किएका व्यक्ति र आप्रवासी कामदारका सवाल र चुनौतिहरु वारे जानकारी आदान-प्रदान गर्ने कार्य गरियो साथ साथै रेमि परियोजनाबारे जानाकरी दिने काम भयो । सहभागि भएका जनप्रतिधि जयूहरुले यो कार्यक्रम प्रभावकारि हुने जानकारि दिनुभयो । यस कार्यक्रमको विस्तृत सहभागिहरुको विवरण अनुसुचि १ मा राखिएको छ ।

**(२) शाखा प्रमुखहरु संग समन्वय बैठक**

शाखा प्रमुखहरु संग समन्वय बैठक यस गाउँपालिकाको सभाहलमा जम्मा २ वटा गरियो। यस बैठकमा जम्मा ३९ जना सहभागिहरु सहभागि भएको थियो जसमा १२ जना माहिला र २७ पुरुष रहेको थियो। यस बैठकमा हाम्रा सेवाग्राहिहरु जो वैदेशिक रोजगारिबाट फर्केर आएका छन उहाँहरुलाई पुनः एकिकरणका लागि कसरि सहयोग हुन सक्ने तथा परियोजना वारे जानकारी आदान-प्रदान भयो। सहभागि भएका यस पालिकाका शाखा प्रमुखहरु आ-आफ्नो शाखाबाट हुन सक्ने सहयोग गर्ने प्रतिवद्धता गर्नु भयो। यस कार्यक्रमको विस्तृत सहभागिहरुको विवरण अनुसुचि २ मा राखिएको छ।

**(३) परियोजना कार्यान्वयन समितिको बैठक**

परियोजना कार्यान्वयन समितिको वैठकमा जम्मा २६ जना सहभागिहरु सहभागि भएको थियो जसमा ०८ जना माहिला र २८ पुरुष रहेको थियो। यस बैठकमा परियोजना कार्रयान्वयन समितिका सदस्यहरुको उपस्थिति रहेको थियो। यस वैठकमा वडा छनौट, कार्यक्रमका बजेट व्यसथापन,परियोजना संचालन,कर्मचारि व्यवस्थापन र व्यवसाय सुरुवाति सहयोग सुचक निर्धारण जस्ता प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो।

**(४) वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको संजालको बैठक**

यस पालिकामा विगत केहि वर्ष देखि सुरक्षित आप्रवासन (सामी) कार्यक्रम चल्दै आइरहेको छ। सामी कार्यक्रम मार्फत पालिका स्तरीय संजाल गठन गरिएको थियो तर सकृय थिएन। रेमी परियोजना अन्तर्गत संजालको बैठक कृयाकलाप को सहयोगमा यस संजाललाई पुनर-गठन गरिएको छ। सात सदस्य आप्रवासी श्रमिक संजाल नाम राखिएको छ र यो संजाललाई पालिकामा दर्ता गर्ने प्रकृयामा छ। पहिलो बैठकमा पुनर-गठन र दोस्रो बैठकमा दर्ताको पहल तथा जिम्मेवारी सम्बन्धि निर्णयहरु भयो। यस संजालको बैठकमा जम्मा ३० जनाको सहभागिता थियो जसमा १३ जना महिला र १७ जना पुरुष रहेको थियो। यो बैठक यस पालिकाको निमित प्रमुख प्रशासकीय अधिकृत र रोजगार संयोजक जयूको सहभागितामा बसेको थियो। यस बैठकको मार्फत संजालको महत्ववारे छलफल तथा कार्यसमिति द्वारा सकृयता पुर्वक लाग्ने प्रतिवद्धता जाहिर गर्नु भएको थियो। पालिका स्तरीय आप्रवासि श्रमिक संजालको कार्यसमितिको विवरण यस प्रकार रहेको छ।

| क्र.स. | नाम थर | ठेगाना | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | सञ्जय पाण्डेय | पिपरा-०१, गमहरिया | अध्यक्ष | ९८४४०३१८०५ |
| २ | कविता कुमारी पासवान | पिपरा-०४, पिपरा | उपाध्यक्ष | ९८२५८४६०१२ |
| ३ | हिरेन्द्र यादव | पिपरा-०३, पिपरा | सचिव | ९८१२१४५१४६ |
| ४ | रितु कुमारी दास | पिपरा-०७, बनौलि | कोषाध्यक्ष | ९८१०१८९४३९ |
| ५ | पुनम कुमारी पासवान | पिपरा-०४, पिपरा | सदस्य | ९८१७६२८८६७ |
| ६ | संदिप कुमार मंडल | पिपरा-०२, अतराढ | सदस्य | ९८१९६२५३८२ |
| ७ | बबिता कुमारी साह | पिपरा-०१, खैरवा | सदस्य | ९८२५८५२१०१ |

### (५) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु तथा परिवारहरुलाई पुनः एकीकरण अभिमुखिकरण सत्र

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु तथा परिवारहरुलाई पुनः एकीकरण अभिमुखिकरण सत्र यस गाउँपालिकाको विभिन्न वडामा गरि जम्मा १० वटा कृयाकलाप समपन्न गरियो। यस कृयाकलापमा जम्मा २७८ जना सहभागिहरु सहभागि भएको थियो जसमा १४१ जना माहिला र १३७ पुरुष रहेको थियो। प्रायः हरेक कृयाकलापमा समबन्धित वडाका वडा सदस्य जयूको उपस्थिति रहेको थियो। यस कार्यक्रमबाट वैदेशिक रोजगारी बाट फर्केका श्रमिक, वैदेशिक रोजगारीमा रहेका आप्रवासी कामदार एवं तिनका परिवारहरुले भोगिरहेका चुनौति/समस्याहरुको पहिचान तथा समाधानका उपायहरु बारे जानकारी प्राप्त भयो। वैदेशिक रोजगारी बाट फर्केका श्रमिक, वैदेशिक रोजगारीमा रहेका आप्रवासी कामदार एवं तिनका परिवारहरु संग परियोजनाको सेवाहरु तथा कर्मचारीहरु विच सम्बन्ध स्थापित भयो। सहभागि भएका जनप्रतिधि जयूहरुले यो कार्यक्रम प्रभावकारि रहेको जानकारि दिनु भयो । यस कार्यक्रमको सहभागिहरुको विस्तृत विवरण अनुसुचि ३ मा राखिएको छ।

### (६) वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको वस्ती स्तरीय संजाल गठन

पालिका स्तरीय आप्रवासि श्रमिक संजाल गठन गरि सकेपछि पिपरा गाउँपालिकाको विभिन्न वडामा गरि जम्मा १० वटा वैदेशिक रोजगारीमा जान लागेका, गएका व्यक्ति र वैदेशिक रोजगारी बाट फर्केका श्रमिक एवं तिनका परिवारहरु सम्मिलित वस्ती स्तरीय आप्रवासी श्रमिक संजाल गठन गरिएको छ। १० वटै वस्ती स्तरीय संजालमा जम्मा ५० जना समिति रहने गरि गठन गरिएको छ। यस वस्ति स्तरीय संजाल गठनमा जम्मा २७७ जनाको सहभागिता रहेको थियो जसमा १४० जना महिला र १३७ जना पुरुष थियो। यस कार्यक्रम मार्फत संजालको महत्ववारे छलफल भएको थियो। वस्ती स्तरीय आप्रवासि श्रमिक संजालको कार्यसमिति तथा सहभागिहरुको विवरण अनुशुचि ४ मा रहेको छ।

**(७) वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरु र स्थानीय पदाधिकारीहरु बीच अन्तरक्रिया बैठक**

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण नेपालको कुल ग्राहस्थ्य उत्पादनमा ठुलो योगदान गरेको छ भने राष्ट्रको अर्थतन्त्रलाई गतिशील बनाउन यसले मद्दत पुगेको छ।वैदेशिक रोजगारीबाट फर्केका श्रमीक तथा तिनका परिवारहरुले भोगिरहेका सामाजिक र मानसिक स्वास्थ्य संग सम्बन्धित समस्याहरुको समयमा समाधान एवं उपचारको व्यवस्थापन हुनु जरुरि रहेको छ। खास गरि मानसिक स्वास्थ्य संग सम्बन्धित समस्याहरुको निदान समय मै हुनु आवश्यक रहेको छ। स-साना समस्याहरु समय मै सानो सहयोगले समाधान गर्न /हुन् सक्ने हुन्छ भने समयमा उपचार भएन भने ठुलो जोखिम र मुल्य चुकाउनु परिरहेको अवस्था छ। सामाजिक पुन:एकीकरणको लागि आवश्यक सेवाहरु सेवाग्राही लाई उपलब्ध गराउन सिफारिश प्रणाली दिगो बनाउने औचित्यका साथ वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरु र स्थानीय पदाधिकारीहरु बीच अन्तरक्रिया बैठक बसेको थियो। यस कार्यक्रम पिपरा गाउँपालिकाको सभाहलमा मिति २०८१।०२।०४ गते भएको थियो जसममा ५ जना महिला र २४ जना पुरुष सहित जम्मा २९ जनाको सहभागिता रहेको थियो।

**(८) सरोकारवालाहरुसंग सिफारिश पद्धतिका लागि समन्वय बैठक (सामाजिक न्याय, मानसिक स्वास्थ्य र उपचार)**

वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरु तथा तिनका परिवारहरुको लागि सामाजिक न्याय, मानसिक स्वास्थ्य र स्वास्थ्य उपचार सेवा प्रदायक संस्थाहरुले प्रदान गरिरहेका सेवा वारे जानकारी आदान प्रदान तथा वैदेशिक रोजगारी र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सामाजिक पुन:एकीकरणमा सघाउ पुर्याउन सिफारिश सेवाको विस्तार गर्ने उदेश्यका साथ यो कार्यक्रम गरिएको थियो। यसमा जम्मा २० जना सहभागि रहेको थियो जसमा ४ जना महिला तथा १६ जना पुरुष रहेको थियो।

**(९) सेवा प्रदायक संस्थाहरु संग समन्वय बैठक (बि.डी.एस./वित्तीय संस्था)**

यो क्रियाकलाप संचालनको प्रमुख उदेश्यहरु वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको लागि व्यवसाय विकास सेवा प्रदायक संस्था र वित्तीय संस्थाहरुले दिने सेवा वारे जानकारी आदान प्रदान तथा वैदेशिक रोजगारी र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सामाजिक तथा आर्थिक पुन:एकीकरण र रोजगार सम्बन्धि आवश्यक सहयोगका लागि समन्वय सहकार्यको वातावरण सिर्जना गर्ने तथा सरोकारवालाहरु संग रहेको सेवाहरुमा वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको पहुँच बढाएर सामाजिक तथा आर्थिक पुन:एकिकरणका लागि काम गर्ने रहेको थियो। यस कार्यक्रममा जम्मा २५ जना सरोकारवालाहरुको सहभागिता रहेको थियो जसमा ३ जना महिला र २३ जना पुरुषहरु थियो।

### (१०) स्थानीय पदाधिकारीहरु संग परियोजना सम्बन्धि अभिमुखीकरण कार्यक्रम

यस कार्यक्रमको उदेश्य स्थानीय तह, वैदेशिक रोजगारी बाट फर्किएका व्यक्ति, आप्रवासी कामदार र उनीहरुका परिवार बीच सम्बन्ध स्थापित तथा वैदेशिक रोजगारी बाट फर्किएका व्यक्ति र आप्रवासी कामदारका सवाल र चुनौतिहरु वारे जानकारी आदान-प्रदान गर्ने कार्य गरियो साथ साथै रेमि परियोजनाबारे विस्तृत जानाकरी आदान-प्रदान भयो। सहभागि भएका जनप्रतिधि तथा पदाधिकारिजयूहरुले यो कार्यक्रम प्रभावकारि हुने जानकारि दिनुभयो । रेमि परियोजना कार्यान्वयन तथा यसको उदेश्य पुरा गर्न यस पालिकाका अध्यक्ष जयू पुर्न प्रतिबद्ध रहेको जानकारी दिनुभयो। यस कार्यक्रममा पालिका सम्पुर्ण निर्वाचित जनप्रतिनिधि गरि जम्मा ६७ जना उपस्थित हुनुहुन्थ्यो जसमा २१ जना महिला र ४६ जना पुरुषहरुको सहभागिता रहेको थियो र यसै पालिकाको सभाहलमा विस्तृत छलफल भई यो कार्यक्रम सफलतापुर्वक सम्पन्न भएको थियो।

### (११) परियोजना कार्यान्वयन समिति र स्थानीय पदाधिकारी द्वारा अनुगमन

यस परियोजना अन्तर्गत विभिन्न कार्यक्रमहरु हुदा यस पालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतजयू, लेखा प्रमुखज्यू, रोजगार संयोजकज्यू र कहिलेकाँहि सह लेखापालजयू लगायतका सर मैडमहरुले अनुगमन गर्नुभयो । अनुगमनकै क्रममा परियोजनाको वारेमा सहभागिहरुले यस कार्यक्रमको दिगोपनाको लागि पालिकाले ध्यान तथा सार्थक बजेटको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । अनुगमन गर्दा अझ केहि सुधारको आवश्यकता रहेको बताउनु भयो . हुन त यो पाईलट फेज हो साथहिहरुले राम्रो प्रयास गरेको उहाले पाउने कुरा गर्नुभयो

### (१२) बार्षिक कार्यक्रम समिक्षा योजना तर्जुमा गोष्ठि

परियोजना कार्यान्वयन समितिहरु, स्थानीय जनप्रतिनिधि एवं पदाधिकारीहरुसंग अन्तरक्रिया गरि रेमी परियोजनाको बार्षिक प्रगति एवं बार्षिक बजेट तथा कार्यक्रमवारे जानकारी प्रदान गरि तथा बाँकि रहेका कार्यक्रमहरु अगामि आर्थिक वर्षमा कसरि सदुपयोग गर्ने बारे छलफल र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु तथा तिनका परिवारलाई दिइने सेवाहरु थप चुस्त दुरुस्त कसरि बनाउने वारे जानकारी गराउने। परियोजनाका गतिविधि तथा कार्यक्रमहरु संचालन गर्न सौहार्दपूर्ण वातावरणको सिर्जना एवं सहयोगको वातावरण निर्माण गर्ने उदेश्यका साथ यो कार्यक्रम गरिएको थियो। यस वर्षको यो अन्तिम कार्यक्रम रहेको थियो। यस कार्यक्रममा पालिका सम्पुर्ण निर्वाचित जनप्रतिनिधि गरि जम्मा ५७ जना उपस्थित हुनुहुन्थ्यो जसमा २० जना महिला र ३७ जना पुरुषहरुको सहभागिता रहेको थियो र यसै पालिकाको सभाहलमा विस्तृत छलफल भई यो कार्यक्रम सफलतापुर्वक सम्पन्न भएको थियो।

## ३. कार्यक्रम संचालन को क्रममा भएका Innovation हरु :

- यस पिपरा गाउँपालिका द्वारा संचालित रेमी परियोजनाका लागि पालिकाले रेमिको लागि कुल बजेटको २०% रकम छुटयाएको छ।
- साथै रतौलि युवा क्लव द्वारा संचालित प्लम्बर तालिमको लागि १९ जना सिफारिस गरिएको

## ४. कार्यक्रम संचालन गर्दा आएका चुनौती :

- गाउँपालिकामा प्र. प्र. अधिकृतज्यूको सरूवाले गर्दा तथा स्थाई लेखा नभएकोले कार्यक्रम संचालन र व्यबस्थापनमा कठिनाई भएको
- स्वदेशमा रोजगारीको माग गरेको तर विदेशको जस्तै सुविधाहरुको पनि माग गर्नु
- समाजमा परियोजनाहरु माथि विश्वास कायम हुन गार्हो हुनु
- कर्मचारिहरुलाई वस्ने ठाउको अभाव तथा अफिस सामग्रिहरु समयमा व्यवस्थापन नहुनु
- कर्मचारिहरुमा अनुभवको कमि हुनु
- नयाँ विषय भएकोले बुझ्न समय लाग्नु
- सिकेको सिप अनुसार सेवाग्राहिले रोजगारी नपाउनु
- मनको भावनात्मक,रिस,तनाब आदिलाई कम कसरी गर्ने भनेर अभ्यास नजानेकोले झन् बढी समाजिक समस्या देखिएको
- आर्थिक स्थिति कमजोर भएकोले आर्थिक तथा समाजिक समस्या हुनु
- बचत गर्ने बानिको कमि भएको

## ५. चुनौती समाधानका लागि अपनाइएका उपायहरु :

- लगातार प्रमुख जयूहरुसँग समन्वय गरीएको
- आफ्नो गाउँठाउँ र परिवार सँग रहि काम गर्ने महत्वकोवारेमा जानकारि गराएको
- लगातार समन्वय गर्दा गर्दै बस्ने ठाउको तथा सामग्रिहरुको व्यवस्था भएको
- तालिम र अध्धयनले आफुलाई अलि क्षमता अभिवृधिमा सहयोग भएको
- परियोजना प्रति घट्दै गरेको विश्वासलाई अझ बढाउन निरन्तर प्रयास जारि रहेको

## ६. सफल केसहरु (Case Stories):

## सफलताको कथा

दैनिक हजारौँ युवाहरु रोजगारीको खोजी गर्दै परदेशिने क्रम रोकिएको छैन। अदक्ष मात्र होइन दक्ष जनशक्ति पनि कामको खोजीमा विदेश गइरहेको छ। देशमा उद्योगधन्दा नहुँदा, पर्याप्त रोजगारी नहुँदा, उचित पारिश्रमिक नहुँदा मलेसिया लगायत गाडी देशहरु रोजगारीका गन्तव्य बनेका छन्। दुःख पाएर पासपोर्ट बनाउने र दुःख गर्नैको लागि परदेशिनु बाध्यता बनेको छ अहिले। यसरी विदेशिने युवाहरु कोही पनि रहरले विदेशिएका छैनन्। आफ्नो घरपरिवारलाई केही खुशी दिन र घरको आर्थिक अवस्था सुधार्न विदेशिएका छन् तर विदेश जानको लागि घरदेखि विमानस्थल पुग्दासम्म अनेक दुःख झेल्नुपर्छ। राष्ट्रिय परिचयपत्र बनाउन होस् या पासपोर्ट बनाउन लगायत धेरै काम कम हुन्छ। यस्तै म्यानपावर कम्पनी खोज्नेदेखि कुन देशमा के काम गर्न जाने भनेर बुझ्नमै महिनौँ पनि लाग्छ कहिल्यै। त्यसैमाथि भिसा हात पर्ने दिन कुरेर कहिलेकाहीँ त वर्षौंसम्म पनि बस्नुपर्छ। बसेका छन् नेपाली युवाहरु। सरकारले फ्री भिसा फ्री टिकेट भने पनि ठूलो रकम लिन्छन् म्यानपावर कम्पनी। यसको मार पनि श्रमिकलाई नै पर्ने हो। खाडी मलेसिया जान पनि दुईतीन लाख रुपैयाँ लिएका घटनाहरु पनि छन्। यस बारेमा कसलाई उजुरी गर्ने ? उजुरी भयो त फेरि युवाको विदेश जाने सपना सधैँको लागि बन्द होला भन्ने डर। विरोध जनायो भने देशमै केही गर्ने वातावरण छैन। यही डरले गर्दा म्यानपावरले जति मागे पनि आँखा बन्द गरेर लाखौँ रुपैयाँ बुझाउने र पन्ध्र हजारको बिलमा सही गरेर हिँड्ने क्रम चलिरहेको छ




यसरी अनेक दुःख खेपेर विदेश गएपछि पनि त्यहाँ कुनै समस्या परेमा कसलाई भन्ने ? यो पनि समस्या हुन्छ। कहिले दूतावासले कुरा सुन्दैनन्, कहिले म्यानपावरले जिम्मा लिँदैनन्। वैदेशिक रोजगारीमा गएका नेपाली युवाले पठाउने रेमिट्यान्सले नै देशको अर्थतन्त्र धानेको छ। तर त्यही युवाको समस्यामा नेपाल सरकार कुनै पनि नीतिगत तथा व्यावहारिक काम गर्दैन। उल्टै विदेशबाट आउँदा ल्याएको एउटा थप मोबाइलमा पनि नजर लगाएर बस्छ। चोरेर ल्याएको जस्तो व्यवहार देखाउँछ। आफ्नो घरपरिवारका सदस्य तथा साथीभाइको लागि उपहार स्वरुप एउटा मोबाइल पनि ल्याउन नदिने। सरकारले नै यस्तो निर्देशन दिएको हो कि कर्मचारीको व्यवहार नै यस्तो हो ? अहिले नयाँ सरकार आएको छ, यसले केही गर्छ कि भन्ने आशा पनि छ र चुनौती पनि। यो सरकारले रोजगारीकै लागि विदेश पलायन हुने अवस्थालाई रोक्नुपर्छ। युवाहरुलाई सीप र अवसर दिनुपर्छ। पालिका तहमै रोजगारी सृजना गर्नुपर्छ।

यसै क्रममा पिपरा गाउँपालिका महोत्तरी द्वारा संचालित वैदेशिक रोजगारिबाट फर्किएका व्यक्तिहरुका लागि पुनः एकीकरण परियोजना अन्तर्गत यस पालिकाका वडा नम्बर ०१ को खैरबा टोलमा बस्ने वर्ष २०को अमित कुमार राउत ज्यूको घरदैलोको क्रममा लिएको विवरण अनुसार कुनै सीप सिकेर स्वदेशमै रोजगारी वा स्वरोजगारि गरौं भन्ने खोजिमा हुनुहुन्थयो। उहाँको बुवा विष्णुदेव राउतजी मिति २०६५-०५-०३ देखि २०७९-१०-१२ करिब १४ वर्ष खाडि मुलुकमा काम गर्नुभयो तर केहि गर्न सक्नु भएन त्यो देखेर पनि स्वदेशमै रोजगारी वा स्व-रोजगारीको सोच बनाउनु भएको छ। अमितजि पासपोर्ट त बनाई सक्नुभएको छ तर सकभर स्वदेशमै बस्ने निधो गर्नु भएको छ।

यहि २०८० सालमा मधेश प्रदेशको श्रम तथा यातायात मन्त्रालय अन्तर्गत सुचना आयो ३-महिने जुनियर प्लम्बर तालिमको लागि जुन रोजगार सेवा केन्द्र तथा रेमी परियोजनाका साथिहरुसंग सेयर गरियो। उहालाई बोलाई रेमी परियोजनाका साथिले फोटो सहित फर्म भरि मन्त्रालयमा Apply गरिदियो र अन्तमा उहाँ छनौट हुनुभयो। ३-महिने जुनियर प्लम्बरको तालिम यहि मिति २०८१-०३-१३ मा समपन्न भईसकेको छ। पुँजि अभावको कारणले व्यवसाय त गर्नुहुन्न तर जागिर चाँहि गर्ने सोचमा हुनुहुन्छ।

यसरी सबै मिलेर नयाँ नेपालको विकास गरौँ। देशमै रोजगारी सिर्जना गरौँ। श्रमिक र श्रमको सम्मान गरौँ।

## ७. अनुसशुचिहरु

### अनुशुचि १
### सामाजिक अभिमुखिकरण

| क्र. स. | कर्यक्रम संचालन स्थान | सन्चालन मिति | जातजाति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | जनजाती | | बाहुन/क्षेत्री | | अन्य | | जम्मा | | |
| | | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | जम्मा |
| १ | पिपरा-०१, एकरहिया | २०८०।०८।२२ | ११ | २३ | ० | १ | ० | ५ | ७ | १९ | १८ | ४८ | ६६ |
| २ | पिपरा-०७, बनौलि | २०८०।०९।२६ | १७ | २० | ० | ६ | ० | ० | ८ | ८ | २५ | ३२ | ५९ |
| ३ | पिपरा-०१, खैरवा | २०८०।१०।०४ | ५ | ७ | ० | ० | ० | ० | १४ | ४० | १९ | ४७ | ६६ |
| ४ | पिपरा-०४, पिपरा | २०८०।१०।२५ | १७ | २९ | ० | ० | ० | १ | ८ | ११ | २५ | ४१ | ६६ |
| ५ | पिपरा-०४, पिपरा | २०८०।१०।२७ | ८ | २७ | १ | १ | ० | १ | १२ | ९ | २१ | ३८ | ५९ |
| ६ | पिपरा-०१, ढेकहा | २०८०।११।१० | ० | २ | ० | ० | ० | ० | २८ | ४० | २८ | ४२ | ७० |
| ७ | पिपरा-०१, खैरवा | २०८०।१२।०८ | ० | १८ | ० | ० | ० | २ | ०५ | ३९ | ०५ | ५९ | ६४ |
| **जम्मा** | | | **५८** | **१२६** | **१** | **८** | **०** | **९** | **८२** | **१६४** | **१४१** | **३०७** | **४५०** |

### अनुशुचि २
### शाखा प्रमुखहरु संग समन्वय बैठक

| क्र. स. | कर्यक्रम संचालन स्थान | सन्चालन मिति | जातजाति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | जनजाती | | बाहुन/क्षेत्री | | अन्य | | जम्मा | | |
| | | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | जम्मा |
| १ | पिपरा गाउँपालिकाको सभाहल | २०८०।०६।०५ | १ | २ | ० | १ | १ | २ | ४ | १० | ६ | १५ | २१ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पिपरा गाउँपालिकाको सभाहल | २०८१।०१।३० | १ | १ | ० | १ | १ | १ | ४ | ९ | ६ | १२ | १८ |
| **जम्मा** | | | **२** | **३** | **०** | **२** | **२** | **३** | **८** | **१९** | **१२** | **२७** | **३९** |

## अनुशुचि ३
## वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु तथा परिवारहरुलाई पुनः एकीकरण अभिमुखिकरण सत्र

| क्र. स. | कर्यक्रम संचालन स्थान | संचालन मिति | जातजाति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | जनजाती | | बाहुन/क्षेत्री | | अन्य | | जम्मा | | |
| | | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | जम्मा |
| १ | पिपरा-०४, गा. पा.को सभाहल | २०८१।०३।०१ | १० | ११ | ० | ० | ० | १ | १ | ० | ११ | १२ | २३ |
| २ | पिपरा-०४, गा. पा.को सभाहल | २०८१।०३।०२ | १२ | १३ | ० | ० | ० | १ | ० | ० | १२ | १४ | २६ |
| ३ | पिपरा-०१, गमहरिया, शिव मंदिर | २०८१।०३।०३ | ११ | ०८ | ० | ० | १ | ४ | १ | ३ | १३ | १५ | २८ |
| ४ | पिपरा-०१, ढेकहा, सामुदायिक भवन | २०८१।०३।०४ | १७ | ११ | ० | ० | ० | १ | ० | ० | १७ | १२ | २९ |
| ५ | पिपरा-०१, खैरवा, थर्ड आइ. ई.बो.स्कुल | २०८१।०३।०५ | १ | १ | ० | ० | ० | १ | ५ | २० | ६ | २२ | २८ |
| ६ | पिपरा-०१, खैरवा, मा.वि. स्कुल | २०८१।०३।०६ | १२ | १८ | ० | ० | ० | ० | १ | ० | १३ | १८ | ३१ |
| ७ | पिपरा-०३, पिपरा, आस ई. बो. स्कुल | २०८१।०३।०७ | १ | ८ | ० | ० | १ | ० | ८ | ५ | ०९ | १४ | २३ |
| ८ | पिपरा-०३, अतराढ, सामुदायिक भवन | २०८१।०३।०८ | १ | २ | ० | ० | १ | ० | १६ | १० | १८ | १२ | ३० |
| ९ | पिपरा-०७, दलित दलान | २०८१।०३।०९ | १८ | ११ | ० | ० | ० | ० | ० | ० | १८ | ११ | २९ |
| १० | पिपरा-०१, सामुदायिक भवन | २०८१।०३।१२ | २३ | ०६ | ० | ० | ० | ० | ०१ | ०१ | २४ | ०७ | ३१ |
| **जम्मा** | | | **१०६** | **८९** | **०** | **०** | **३** | **८** | **३३** | **३९** | **१४१** | **१३७** | **२७८** |

## अनुशुचि ४

## वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको वस्ती स्तरीय संजाल गठन

| क्र. स. | कर्यक्रम संचालन स्थान | संचालन मिति | जातजाति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | जनजाती | | बाहुन/क्षेत्री | | अन्य | | जम्मा | | |
| | | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | जम्मा |
| १ | पिपरा-०४, गा. पा.को सभाहल | २०८१।०३।०७ | १० | ११ | ० | ० | ० | १ | १ | ० | ११ | १२ | २३ |
| २ | पिपरा-०४, गा. पा.को सभाहल | २०८१।०३।०७ | १२ | १३ | ० | ० | ० | १ | ० | ० | १२ | १४ | २६ |
| ३ | पिपरा-०१, गमहरिया, शिव मंदिर | २०८१।०३।०८ | ११ | ०८ | ० | ० | १ | ४ | १ | ३ | १३ | १५ | २८ |
| ४ | पिपरा-०१, ढेकहा, सामुदायिक भवन | २०८१।०३।०८ | १७ | ११ | ० | ० | ० | १ | ० | ० | १७ | १२ | २९ |
| ५ | पिपरा-०१, खैरवा, थर्ड आइ. ई.बो.स्कुल | २०८१।०३।०९ | १२ | १८ | ० | ० | ० | ० | १ | ० | १२ | १८ | ३० |
| ६ | पिपरा-०१, खैरवा, मा.वि. स्कुल | २०८१।०३।०९ | १ | १ | ० | ० | ० | १ | ५ | २० | ०६ | २२ | २८ |
| ७ | पिपरा-०३, पिपरा, आस ई. बो. स्कुल | २०८१।०३।१० | १ | २ | ० | ० | १ | ० | १६ | १० | १८ | १२ | ३० |
| ८ | पिपरा-०३, अतराढ, सामुदायिक भवन | २०८१।०३।१० | १ | ८ | ० | ० | १ | ० | ८ | ५ | ९ | १४ | २३ |
| ९ | पिपरा-०७, दलित दलान | २०८१।०३।११ | २३ | ०६ | ० | ० | ० | ० | १ | १ | २४ | ०७ | ३१ |
| १० | पिपरा-०१, सामुदायिक भवन | २०८१।०३।१३ | १८ | ११ | ० | ० | ० | ० | ० | ० | १८ | ११ | २९ |
| **जम्मा** | | | **१०६** | **८९** | **०** | **०** | **३** | **८** | **३३** | **३९** | **१४०** | **१३७** | **२७७** |

८. कार्यक्रमको केहि फोटोहरु/पत्र पत्रिकाका अन्सहरु (With Caption):



सामाजिक अभिमुखिकरण पिपरा-०१



सामाजिक अभिमुखिकरण पिपरा-०४



शाखा प्रमुखहरु संग समन्वय बैठक



शाखा प्रमुखहरु संग समन्वय बैठक



वै.रो.बाट फर्केका व्यक्तिहरु तथा परिवारहरुलाई पुनः एकीकरण अभिमुखिकरण सत्र, पिपरा-०४




वै.रो.बाट फर्केका व्यक्तिहरु तथा परिवारहरुलाई पुनः एकीकरण अभिमुखिकरण सत्र, पिपरा-०१



वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको संजालको बैठक



वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको संजालको बैठक




वै.रो.बाट फर्केका व्यक्तिहरुको वस्ती स्तरीय संजाल गठन,पिपरा-१



वै.रो. बाट फर्केका व्यक्तिहरुको वस्ती स्तरीय संजाल गठन,पिपरा-४



सरोकारवालाहरुसंग सिफारिश पद्धतिका लागि समन्वय बैठक (सामाजिक न्याय, मानसिक स्वास्थ्य र उपचार)



स्थानीय पदाधिकारीहरु संग परियोजना सम्बन्धि अभिमुखीकरण कार्यक्रम



बार्षिक कार्यक्रम समिक्षा योजना तर्जुमा गोष्ठि

**तयार कर्ता**

नाम: मनोज कुमार दास

पद: रोजगार परामर्शकर्ता

(रेमि परियोजना)

मो.न: ९८४३५७१०२४